नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- २०८३।०८४

चलानी नं.:- ६८

मितिः २०८३/०५/०३

**विषयः**- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ सम्बन्धमा ।

श्री प्रदेश नीति /योजना आयोग (सबै),
श्री जिल्ला समन्वय समिति,
श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै) ।

बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शि.नं. ३६५००१०६) कार्यान्वयनको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०८३/०५/०२ को निर्णयानुसार स्वीकृत **बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३** यसैसाथ संलग्न गरी पठाईएको बेहोरा अनुरोध छ। स्वीकृत कार्यविधिको परिधिभित्र रही बहुक्षेत्रीय पोषण योजना-तेस्रो (२०८०/०८१-२०८७/०८८) ले लिएको लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न क्रियाकलापगत वार्षिक लक्ष्य निर्धारण सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नुहुनु अनुरोध छ।

(दीपेश कट्टेल)
शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः सम्बन्धित निकायमा ईमेल गरिदिनुहुन साथै वेबसाईटमा अपलोड गरिदिनुहुन।

# बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८३

# बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावनाः** मुलुकबाट कुपोषण अन्त्यको लागि गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०/१०/१४ मा स्वीकृत भई कार्यान्वयनमा आएको बहुक्षेत्रीय पोषण योजना-तेस्रो (२०८०/०८१-२०८७/०८८) ले लिएको लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम 'बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “कार्यक्रम” भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सम्झनुपर्छ।

ख. "कार्यालय" भन्नाले गाउँ/नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ग. "निर्देशक समिति" भन्नाले गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई सम्झनुपर्छ।

घ. “नीति/योजना आयोग” भन्नाले सम्बन्धित प्रदेशको नीति तथा योजना आयोगको रुपमा काम गर्ने निकायलाई सम्झनुपर्छ।

ङ. "मन्त्रालय" भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्ने भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनुपर्छ।

च. “योजना” भन्नाले बहुक्षेत्रीय पोषण योजना तेस्रोलाई सम्झनुपर्छ।

छ. “सचिवालय” भन्नाले गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालय सम्झनुपर्छ।

ज. "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा र धारा २२३ बमोजिमको नगरसभालाई सम्झनुपर्छ।

झ. “सहजकर्ता” भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका पोषण सहजकर्तालाई सम्झनु पर्छ।

ञ. "सहजीकरण समिति" भन्नाले वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति सम्झनु पर्छ।

ट. “स्थानीय तह” भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

३. उद्देश्य: यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्;

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्ने,

ख. बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित योजना तर्जुमा, संस्थागत व्यवस्थापन, कार्यान्वयन, लेखा तथा लेखापरीक्षण, अनुगमन, मूल्याङ्कन, प्रतिवेदनका सम्बन्धमा कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई सहजीकरण गर्ने,

ग. गर्भवती, सुत्केरी महिला, दुई वर्षमुनिका बालबालिका र किशोरीलाई आवश्यक पर्ने पोषण सुनिश्चितताको लागि स्थानीय तहमा सहजीकरण गर्ने।

४. कार्यक्षेत्रः बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन गरिने पोषण सुधारका कार्य यस कार्यविधिको कार्यक्षेत्र हुनेछ।

## परिच्छेद २
## कार्यक्रम कार्यान्वयन

५. निर्देशक समितिको बैठकः (१) बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व. २०८०/०८१-२०८७/०८८) को परिच्छेद ६ को बुँदा नं. ६.१.८ बमोजिम गाउँ/नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नु पर्नेछ।

(२) समितिको भूमिकालाई प्रभावकारी बनाउन कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, समिक्षा एवं समन्वयका विषयमा छलफल तथा निर्णय गर्नुपर्छ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) बैठक बस्दा समितिका सदस्यको सहभागिता सुनिश्चित गर्न कार्यपालिका तथा वडा समितिको बैठकको अघि वा पछि समय मिलाई गर्न सकिनेछ।

६. एकीकृत कार्ययोजना तयार गर्नुपर्नेः बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहले देहायबमोजिम गर्नुपर्नेछः

(१) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत प्राप्त बजेटको बाँडफाँट सभाबाट स्वीकृत गर्नुपर्नेछ।

(२) स्वीकृत बजेटको क्रियाकलापगत बाँडफाँट निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट गर्नुपर्नेछ। यसरी बाँडफाँट गर्दा नेपाल सरकार र युरोपियन युनियनबीच भएको वित्तीय सहायता सम्झौतामा अनुदानसँग आबद्ध गरिएका सूचकहरु (Disbursement Linked Indicators: DLIs) हासिल गर्ने सुनिश्चितता गर्नुपर्नेछ।

(३) उपदफा (२) बाहेक पोषण सुधारको स्थानीय आवश्यकता बमोजिम गाउँपालिका/नगरपालिकाले प्राप्त गरेको समानीकरण अनुदान तथा आन्तरिक स्रोतबाट समेत विनियोजन गरी क्रियाकलापगत रुपमा बाडफाँट गर्न सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिमका क्रियाकलापगत बाँडफाँटको कार्यान्वयन कार्ययोजना अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी निर्देशक समितिबाट स्वीकृत गर्नुपर्छ। यस्तो कार्ययोजना तयार गर्दा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्रोतबाट प्राप्त रकमको क्रियाकलापगत बाँडफाँटमा दोहोरोपना नहुने सुनिश्चितता गर्नुपर्नेछ।

(५) पोषणको क्षेत्रमा कार्य गर्न स्वीकृति प्राप्त गरेका साझेदार संघसंस्थाले स्थानीय तहसँगको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(६) यस कार्यक्रम अन्तर्गतका वार्षिक क्रियाकलापको छनौट र स्वीकृति यस कार्यविधिका अतिरिक्त स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम हुनेछ।

(७) विशेष कारणबस उपदफा (१) बमोजिम सभाबाट कार्यक्रम स्वीकृत हुन छुट भई गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन भएको अवस्थामा लगत्तै बस्ने सभाबाट कार्यक्रमको अनिवार्य अनुमोदन गर्नुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला, सहकारी, बहुक्षेत्रीय गरिबी तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(८) स्वीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजनाको प्रति भाद्र १५ गते भित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

७. वार्षिक लक्ष्य तोक्नु पर्नेः मन्त्रालयले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत DLIs सँग आबद्ध हुनेगरी वार्षिक लक्ष्य तोक्न सक्नेछ। सोही आधारमा गाउँ/नगरपालिकाले मन्त्रालयबाट तोकिएको लक्ष्य हासिल गर्न क्रियाकलापगत लक्ष्य निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

८. नियमित तथा लक्षित कार्यक्रम: बहुक्षेत्रीय पोषण योजना तेस्रोले लिएको लक्ष्य हासिल गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत देहाय बमोजिम नियमित र लक्षित कार्यक्रम सञ्चालन हुनेछन्:

(१) सबै गाउँपालिका तथा नगरपालिकामा नियमित कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) तुलनात्मक रूपमा कुपोषणको समस्या बढी रहेका स्थानीय तहमा नियमित कार्यक्रमको अतिरिक्त लक्षित कार्यक्रम सञ्चालन हुनेछ।

९. कार्यक्रम कार्यान्वयनः बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि प्राप्त सशर्त अनुदानबाट नियमित र लक्षित कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले देहाय बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

| क.सं. | विषयगत मन्त्रालय बजेट सूचना प्रणाली (LMBIS) का क्रियाकलाप | सम्पन्न गर्नुपर्ने क्रियाकलाप | | | |
|---|---|---|---|---|---|
| | | क्रियाकलाप नं. | लक्षित कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह | नियमित कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह | |
| | | | | पोषण सहजकर्ताको प्रबन्ध भएका | पोषण सहजकर्ताको प्रबन्ध नभएका |
| १ | २.७.१६.१२ पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | १ | पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप | पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप | पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २ | उद्यमशीलता विकास तालिम | उद्यमशीलता विकास तालिम | |
| | | ३ | 'पोषणमैत्री नमूना गाउँ' कार्यक्रम | | |
| | | ४ | पोषण संवेदनशील तथा पोषण विशेष क्षेत्रका क्रियाकलाप | पोषण संवेदनशील तथा पोषण विशेष क्षेत्रका क्रियाकलाप | पोषण संवेदनशील तथा पोषण विशेष क्षेत्रका क्रियाकलाप |
| | | ५ | क्षमता विकास कार्यक्रम | क्षमता विकास कार्यक्रम | क्षमता विकास कार्यक्रम |
| २ | २.७.१६.१३ सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | १ | लक्षित समूह छनौट गरी अनुदान प्रदान | लक्षित समूह छनौट गरी अनुदान प्रदान | |
| ३ | २.७.१६.१४ बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | १ | पोषण सहजकर्ताको पारिश्रमिक भुक्तानी | पोषण सहजकर्ताको पारिश्रमिक भुक्तानी | |

१०. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनः यस अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(१)पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन र सञ्चारः

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, गरिबी निवारण मन्त्रालय ...
सिंहदरबार, काठमाडौं

**क.** सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप छनौट गर्दा लक्षित समूदायको सहभागिता एवम् संलग्नता सूनिश्चित गरी स्थानीय आवश्यकता र औचित्यताका आधारमा गर्नुपर्नेछ।

**ख.** छनौट भएका क्रियाकलाप सञ्चालन गर्दा पोषण अवस्था कमजोर रहेका बस्ती/टोल/गाउँ तथा समूदायलाई प्राथमिकता दिनुपर्नेछ।

**ग.** सामाजिक व्यवहार परिवर्तन र सञ्चार सम्बन्धी कार्यक्रमलाई समूदायको अपनत्व हुने गरी अभियानमूलक रुपमा सञ्चालन गर्नुपर्नेछ।

**घ.** सामाजिक व्यवहार परिवर्तनसँग सम्बन्धित क्रियाकलापको छनौट र कार्यान्वयन गर्दा कार्यविधिको अनुसूची २ तथा मन्त्रालयबाट प्रकाशित सामाजिक व्यवहार परिवर्तन तथा सञ्चार कार्यान्वयन स्रोत पुस्तिकालाई समेत आधार लिनुपर्नेछ।

(२) उद्यमशीलता विकास तालिमः

**क.** बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि आयआर्जन अनुदान प्राप्त गर्ने लाभग्राहीलाई व्यावसायिक कार्ययोजना अनुसार उद्यमशीलता तथा सीप विकास तालिम समूदायतहमै प्रदान गर्नुपर्नेछ।

**ख.** व्यावसायिक कार्ययोजनाको आधारमा आवश्यकतानुसार छुट्टाछुट्टै समूह बनाई तालिम प्रदान गर्नुपर्नेछ।

**ग.** समूदायस्तरमा प्रदान गरिने यस्तो तालिममा अन्य कार्यक्रमका लाभग्राही समेत सहभागी गराउन सकिनेछ।

(३) पोषणमैत्री नमूना गाउँ कार्यक्रमः

क. लक्षित कार्यक्रम कार्यान्वयन गर्न सशर्त अनुदान प्राप्त गरेका स्थानीय तहले आफ्नो क्षेत्रभित्रको कम्तिमा एउटा बस्ती/टोल/गाउँमा अनिवार्य रुपमा पोषणमैत्री नमूना गाउँ कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

ख. बस्ती/टोल/गाउँ छनौटः यो कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले देहायका सूचकमा अनुसूची ३ मा तोकिएको अङ्कभार बमोजिम प्राथमिकीकरण गरी बस्ती/टोल/गाउँ छनौट गर्नुपर्नेछः

१. अति शीघ्र कडा कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कडा कुपोषण (Moderate Acute Malnutrition: MAM) भएका बालबालिकाको संख्या,

२. लाभन्वित समूह भित्र सुनौला हजार दिनका महिलाको संख्या,

३. लाभान्वित समूह भित्र विपन्न समूदायका घरधुरीको प्रतिशत,

४. सामाजिक रूपमा पछाडि परेका वर्ग समूदायको बाहुल्यता,

५. लाभान्वित समूहको पोषण सेवासँगको पहुँच,

६. खाद्य सङ्कट तथा जोखिमको अवस्था।

ग. कार्यक्रम हुने बस्ती/टोल/गाउँको छनौट निर्देशक समितिको सिफारिसमा गर्नुपर्नेछ। यसरी छनौट भएको बस्ती/टोल/गाउँभित्रका लाभग्राही छनौट गर्दा वडा स्तरको पोषण तथा खाद्य सुरक्षा सहजीकरण समितिको सिफारिस समेतका आधारमा गर्नुपर्नेछ।

घ. कार्यक्रमबाट लाभान्वित हुने बस्ती/टोल/गाउँको लक्षित समूहको भेलाबाट अनुसूची ४ बमोजिमको ढाँचामा पोषण सुधारको कार्ययोजना र कार्यक्रम सञ्चालनको प्रस्ताव तयार गरी कार्यालयमा पेश गर्नुपर्नेछ। यस्तो कार्ययोजना र प्रस्ताव तयार गर्न पोषण सहजकर्ता र सम्पर्क शाखा प्रमुखले समन्वय र सहजीकरण गर्नुपर्नेछ।

ङ. समूहबाट पेश भएको प्रस्ताव कार्यालयले आवश्यकतानुसार परिमार्जन पश्चात स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेछ।

च. यस्तो कार्यक्रम कार्यान्वयनको लागि सशर्त अनुदान प्राप्त नगरेका स्थानीय तहले समेत स्थानीय आवश्यकता र स्रोत उपलब्धताको आधारमा पोषणमैत्री नमूना गाउँ कार्यक्रम कार्यान्वयन गर्न सक्नेछन्।

(४)पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रमः

क. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन अन्तर्गत पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी क्रियाकलाप, आयआर्जन अनुदान प्राप्त गर्न लाभग्राहीको व्यावसायमुलक कार्ययोजना बमोजिम उद्यमशीलता विकास तालिम, पोषणमैत्री नमूना गाउँ कार्यक्रम कार्यान्वयन तथा क्षमता विकास

कार्यक्रमसम्बन्धी क्रियाकलाप तर्जुमा गरेपछि पोषण संवेदनशील तथा पोषण विशेष क्षेत्रका अन्य क्रियाकलाप तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

ख. पोषण संवेदनशील (कृषि, पशु, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ र शासकीय प्रबन्ध) र पोषण विशेष (आधारभूत स्वास्थ्य) क्षेत्र तर्फका कार्यक्रम कार्यान्वयन गर्दा 'पोषणमैत्री स्थानीय शासन कार्यविधि, २०८०' ले निर्धारण गरेका विषयक्षेत्रगत सूचक हासिल हुने गरी गर्नुपर्नेछ।

ग. पोषण संवेदनशील तथा पोषण विशेष क्षेत्रका क्रियाकलाप छनौट गर्दा स्थानीय आवश्यकता र प्राथमिकता बमोजिम अनुसूची ५ मा आधारित भई गर्नुपर्नेछ।

(५) क्षमता विकास कार्यक्रमः उपदफा (१), (२), (३) र (४) मा उल्लिखित क्रियाकलापका अतिरिक्त पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन उपशिर्षकबाट स्थानीय जनप्रतिनिधि तथा कर्मचारीको पोषणसँग सम्बन्धित क्षमता विकास र समितिको क्रियाशीलताका लागि बैठक व्यवस्थापन लगायत अत्यावश्यक व्यवस्थापकीय क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

११. सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदानः

(१) लक्षित समूदाय र लाभग्राही छनौटः निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायबाट सुनौला हजार दिनका २५ जना महिला लाभग्राही छनौट गर्नुपर्नेछ। यसरी लाभग्राही छनौट गर्दा कार्यविधिको अनुसूची ६ बमोजिम स्थानीय तहको पोषण पार्श्वचित्रलाई आधार लिनुपर्नेछ। छनौट भएका लाभग्राही मध्येबाट एक जना संयोजक तोकि सम्पूर्ण लाभग्राही सहितको एक समूह गठन गर्नुपर्नेछ।

(२) लाभग्राहीको छनौट गर्दा आवश्यकता अनुसार वडा स्तरीय समन्वय तथा सहजजीकरण समितिको सिफारिस लिन सकिनेछ।

(३) एउटै बस्ती/टोल/गाउँमा सुनौला हजार दिनका विपन्न महिलाको संख्या २५ जना भन्दा कम भएमा उपलब्ध भएसम्म नजिकका अन्य बस्तीबाट मापदण्ड अनुसारका लाभग्राही छनौट गर्न सकिनेछ।

(४) लाभग्राहीको विवरणः कार्यालयले छनौट भएका लाभग्राहीको पोषणसम्बन्धी तथ्याङ्क सहितको विवरण अनुसूची ७ बमोजिमको ढाँचामा तयार गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) कार्ययोजना र सामुहिक प्रतिवद्धताः उपदफा ४ बमोजिम विवरण अद्यावधिक भएका लाभग्राहीले अनुसूची ८ बमोजिमको उद्यमशीलता विकास र पोषण सुधार कार्ययोजना तयार गर्नुपर्छ। हरेक लाभग्राहीको कार्ययोजना तयार भएपश्चात उपदफा (१) बमोजिम गठन भएको समूहले पोषण सुधार सम्बन्धी अनुसूची ९ बमोजिम सामुहिक प्रतिवद्धता सहित लाभग्राहीहरूको छुट्टाछुट्टै कार्ययोजना कार्यालयमा पेश गर्नुपर्छ।

(६) सम्झौता गर्नेः कार्यालयले अनुसूची १० बमोजिम हरेक लाभग्राहीसँग छुट्टाछुट्टै अनुदान सम्झौता गर्नुपर्नेछ। कार्यालयको तर्फबाट सम्झौता गर्दा उपदफा (४) बमोजिमको कार्ययोजना समेत संलग्न गरी लक्षित समूदाय रहेको स्थानमै उपस्थित भई गर्नुपर्नेछ।

(७) अनुदान रकम प्रदानः छनौट भएका लाभग्राहीलाई जनही रू. २५,०००।०० (पच्चिस हजार) को दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउनुपर्नेछ। प्राप्त बजेट सीमा भन्दा छनौट भएका लाभग्राहीको संख्या बढी भएमा स्थानीय तहले आफ्नो स्रोतबाट थप बजेट व्यवस्था गरी बाँकी लाभग्राहीलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

(८) अनुदान रकम २५ जना भन्दा बढी लाभग्राहीलाई उपलब्ध गराउन पुग्नेगरी प्राप्त भएको अवस्थामा जनही रू. २५,०००।०० (पच्चिस हजार) भन्दा कम नहुनेगरी उपदफा (३) अनुसार लाभग्राही थप गर्न सकिनेछ।

(९) तालिम/अभिमुखीकरण प्रदान गर्नेः छनौट भई सम्झौता गरिएका लाभग्राहीलाई निजहरुको कार्ययोजना अनुसार अनुदानको उपयोग, पोषण सुधार र व्यवसायिक सीप विकास तालिम/अभिमुखीकरण प्रदान गरी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(१०) बैंक खातामा रकम उपलब्ध गराउनेः अनुदान रकम अनिवार्य रुपमा सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा हुनेगरी उपलब्ध गराउनु पर्नेछ।

(११) नगद लागत सहभागिता बाध्यकारी नहुनेः अनुदान रकम प्रदान गर्दा लाभग्राहीको नगद सहभागिता बाध्यकारी बनाउन पाईने छैन। तर, लाभग्राहीबाट शारिरीक श्रम तथा स्थानीय सामग्रीको व्यवस्थापन गरी लागत सहभागिताको सुनिश्चितता गराउन सकिनेछ।

(१२) आयआर्जन अनुदान प्रदान गर्दा कन्टिन्जेन्सी वा सेवा शुल्क कट्टी गर्ने, वा कुनै संघसंस्था मार्फत ऋणको रूपमा परिचालन गर्न/गराउन पाईने छैन।

(१३) यस कार्यक्रमबाट हालसम्म अनुदान नपाएका व्यक्तिलाई मात्र अनुदान उपलब्ध गराउनुपर्नेछ। लाभग्राहीले अनुदानको समुचित उपयोग गरे/नगरेको सुनिश्चितता कार्यालयले गर्नुपर्नेछ।

(१४) उपदफा (१) बमोजिमका समूहका सदस्य मध्येबाट ३ सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ।

(१५) गठन भएका समूह तथा समितिको परिचालन सम्बन्धी अन्य व्यवस्था गाउँ/नगरपालिकाले तोके बमोजिम हुनेछ। समूहका सदस्यहरूलाई पोषण सम्बन्धी सचेतना, अभिमुखीकरण, आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि क्षमता विकासका साथै सामाजिक व्यवहार परिवर्तन र सो को सञ्चारका लागि घरभेट, अनुभव आदान प्रदान, अन्तर्क्रिया, अवलोकन लगायतका कार्यहरू कार्यालयले गर्नुपर्छ। यसमा आवश्यक समन्वय गर्ने जिम्मेवारी पोषण सम्पर्क व्यक्ति र पोषण सहजकर्ताको हुनेछ।

(१६) लाभग्राहीहरू त्रैमासिक रुपमा उपयुक्त स्थानमा भेला भई सुरक्षित मातृत्व, पोषण तथा खाद्य सुरक्षा र अनुदान लिई सञ्चालन गरिएका व्यवसायको अवस्था लगायतका विषयमा अनुभव आदानप्रदान गर्नुपर्नेछ। यस्तो छलफलबाट कार्यक्रमको प्रगति, समीक्षा गरी कार्यान्वयन चुनौति एवं समाधानका उपाय समेटी अनुगमन समितिले उपदफा (१२) बमोजिमको प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नुपर्नेछ। पोषण सहजकर्ताले यस कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ।

(१७) पोषण सुधारको लागि आयआर्जन अनुदान प्राप्त गरेका लाभान्वित घरपरिवारको विवरण कार्यालयले अनुसूची ११ को ढाँचामा राख्नुपर्नेछ।

(१८) लाभान्वित समूहका सदस्यहरूले प्राप्त गरेको अनुदानबाट सञ्चालित आयआर्जन र पोषण सुधारका क्रियाकलापको सम्पर्क शाखाले अनुगमन गरी अनुसूची १२ बमोजिमको प्रतिवेदन त्रैमासिक रूपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

१२. कार्यक्रमका लाभग्राहीः (१) पोषण संवेदनशील कार्यक्रमका लाभग्राही कम्तिमा ९० प्रतिशत सुनौला हजार दिनका महिला, किशोर किशोरी तथा पाँच वर्ष मुनिका बालबालिका हुने सुनिश्चितता गर्नुपर्नेछ।

(२) निर्देशक समिति र सहजीकरण समितिको बैठकका सहभागीलाई लाभग्राहीको रूपमा गणना गर्न पाइने छैन।

## परिच्छेद ३
## बजेट तथा वित्तीय स्रोत परिचालन

१३. बजेट तथा वित्तीय स्रोतः स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमका लागि आवश्यक बजेट तथा वित्तीय स्रोत व्यवस्थापन तथा परिचालन देहाय बमोजिम हुनेछः

(१) नेपाल सरकारबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधिनमा रही यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहलाई उपलब्ध हुने अनुदान नियमित र लक्षित कार्यक्रम सञ्चालन हुने गाउँपालिका/नगरपालिका अनुसार छुट्टाछुट्टै हुन सक्नेछ।

(३) मन्त्रालयले निश्चित शर्त र सीमा निर्धारण गरी देहायका सबै वा केही आधारमा सशर्त अनुदान उपलब्ध गराउनेछः

क. कार्यक्रमको प्रकृति (नियमित वा लक्षित कार्यक्रम),

ख. जनसङ्ख्या,

ग. भूगोल,

घ. पोषणको अवस्था,

ङ. अति पिछडिएको तथा लोपोन्मुख समूदायको बाहुल्यता,

च. मानव विकास सूचकाङ्क।

(४) स्थानीय तहले आफ्नो आन्तरिक स्रोत, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, विशेष अनुदानका साथै निजी, गैर सरकारी क्षेत्र, सहकारी क्षेत्र तथा समुदायसँगको साझेदारीमा पोषण सुधारको लागि कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

१४. स्थानीय तहले लागत साझेदारी गर्नुपर्नेः स्थानीय तहले स्रोत व्यवस्थापनमा देहायबमोजिम लागत साझेदारी गर्नुपर्नेछः

(१) आफ्नो स्रोतबाट समेत स्थानीय प्राथमिकताको आधारमा आवश्यकता अनुसार बजेट विनियोजन गरी कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेछ।

(२) लक्षित कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तथा समानिकरण अनुदानको रकमबाट समेत यस कार्यक्रममा प्राप्त वित्तीय हस्तान्तरणको अनुपातमा निश्चित रकम विनियोजन गर्न सक्नेछन्।

१५. बजेट खर्च सम्बन्धी व्यवस्थाः स्वीकृत कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको लागत अनुमान तयारी, खर्च र सोको लेखाङ्कन प्रचलित कानूनका अलावा देहायका मार्गदर्शनका आधारमा गर्नुपर्नेछः

(१) कार्यक्रमको कोष प्रवाह तथा वित्तीय व्यवस्थापन नेपाल सरकारको विद्यमान आर्थिक ऐन, नियम एवम् सम्बन्धित प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली अनुसार हुनेछ।

(२) कार्यक्रमको लागत अनुमान तयार गर्दा स्थानीय दररेटलाई आधार मान्नु पर्नेछ।

(३) कार्यक्रमको बजेट तोकिएबमोजिम बाहेक अन्यत्र खर्च गर्न वा रकमान्तर गर्न पाइनेछैन।

(४) नेपाल सरकार र प्रदेश सरकारको नियमित कार्यक्रममा दोहोरो पर्नेगरी बजेट विनियोजन गर्न तथा स्वीकृत बजेट गैर सरकारी संस्था, कम्पनी वा फर्म मार्फत खर्च गर्न पाइनेछैन। तर, स्रोत नपुग भएको खण्डमा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्नेछैन।

(५) कार्यक्रमको बजेटबाट पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधा, पदाधिकारी/जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, निर्देशक समितिको बैठक

सञ्चालन र अत्यावश्यक व्यवस्थापन बाहेक अन्य कुनै पनि प्रकारका प्रशासनिक कार्यमा खर्च गर्न पाईनेछैन।

(६) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान चालु आ.व. भित्र खर्च हुन नसकेमा वा निश्चित रकम खर्च भई केहि रकम बाँकी रहेमा नियमानुसार सङ्घीय संचित कोषमा दाखिला गर्नुपर्नेछ।

१६. खर्चको लेखाङ्कन तथा प्रतिवेदनः कार्यक्रम सञ्चालन गर्दा खर्चको लेखाङ्कन तथा सोको प्रतिवेदन प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेको ढाँचामा गर्नुपर्नेछ।

१७. वित्तीय अनुशासन र पारदर्शिता: (१) यस कार्यक्रम कार्यान्वयन गर्दा वित्तीय मितव्ययिताअपनाई वित्तीय अनुशासन र पारदर्शिता कायम गर्नुपर्नेछ।

(२) प्रचलित कानून बमोजिम स्थानीय तहमा हुने सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्दा यस कार्यक्रम अन्तर्गतका विषय समेत समावेश गर्नुपर्नेछ।

(३) कार्यालयले कार्यक्रम अन्तर्गत भएका वित्तीय कारोबारको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनुपर्नेछ। तोकिएको समयमा लेखापरीक्षण गर्ने/गराउने जिम्मेवारी कार्यालयको हुनेछ।

## परिच्छेद ४
## मानव संसाधन परिचालन तथा संस्थागत व्यवस्था

१८. प्रदेश पोषण सहजकर्ता सम्बन्धी व्यवस्था: (१) बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सशर्त अनुदानको सम्बन्धित शिर्षकमा बजेट प्राप्त गरेका नीति/योजना आयोगले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न देहायका योग्यता पुगेको एकजना प्रदेश पोषण सहजकर्ता नियुक्त गर्न सक्नेछ।

क. मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य, पोषण, खाद्य प्रविधि, कृषि तथा पशुविज्ञान विषयमा स्नातक वा सो सरह उपाधि हासिल गरेको,

ख. २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

(२) प्रदेश पोषण सहजकर्ता छनौट गर्दा नीति/योजना आयोगका सचिवको संयोजकत्वमा मुख्यन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक जना सहित दुई

जना अधिकृत प्रतिनिधि रहेको छनौट समिति गठन गरी कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी खुला प्रतिस्पर्धाबाट छनौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको छनौट समितिले सिफारीस गरेको उम्मेद्वारलाई आयोगले करारमा नियुक्त गर्नुपर्नेछ।

(४) प्रदेश पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी सरह हुनेछ।

(५) प्रदेश पोषण सहजकर्ताको कार्यविवरण अनुसूची १३ बमोजिम हुनेछ। यस कार्यविधिमा उल्लेख भएको अतिरिक्त नीति/योजना आयोगले आवश्यकतानुसार विषयक्षेत्रसँग सम्बन्धित कार्यविवरण थप गर्न सक्नेछ।

१९. पोषण सहजकर्ता सम्बन्धी व्यवस्थाः (१) स्थानीय तहले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न देहायका योग्यता पुगेको एक जना पोषण सहजकर्ता नियुक्त गरी कामकाजमा लगाउने व्यवस्था गर्नुपर्नेछ।

क. मान्यताप्राप्त शिक्षण संस्थाबाट बाह्र कक्षा (१०+२) वा सो सरह उत्तिर्ण भएको,

ख. कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

ग. सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,

घ. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(२) पोषण सहजकर्ता छनौट गर्दा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजले तोकेका अन्य २ जना कर्मचारी रहेको छनौट समिति गठन गरी कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी खुला प्रतिस्पर्धाबाट छनौट गर्नुपर्नेछ। यसरी हुने छनौट सम्बन्धी अन्य विषय स्थानीय तहले तोके बमोजिम हुनेछ।

(३) पोषण सहजकर्ता छनौट गर्दा पोषण तथा सामाजिक परिचालनको क्षेत्रमा अनुभव हासिल गरेको, सम्बन्धित स्थानीय तहको विवाहित महिला एवं आर्थिक-सामाजिक रुपमा पछाडि परेको वर्गलाई प्राथमिकता दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई कार्यालयले करारमा नियुक्ति गरी कामकाजमा लगाउनु पर्नेछ।

(५) पोषण सहजकर्ताले पोषण सम्पर्क शाखा/विन्दु/सचिवालयको मातहतमा रही कार्य गर्नुपर्नेछ। कार्यालयले प्रतिवेदन तथा समन्वयको लागि कार्यपालिकाको कार्यालय र

लक्षित समूदायको पोषण प्रबर्द्धनमा परामर्श तथा सहजीकरणको लागि समूदायस्तरमा (फिल्ड) हुनेगरी परिचालन हुने गरी निजको कार्यक्षेत्र निर्धारण गर्नुपर्नेछ।

(६) पोषण सहजकर्ताको कार्यसम्पादनको सुपरिवेक्षण तथा मुल्याङ्कन अनुसूची १४ बमोजिमको कार्यविवरणका आधारमा कार्यालयले गर्नुपर्नेछ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्दा कार्यक्रमसँग सम्बद्ध निकायहरू जिल्ला समन्वय समिति, नीति/योजना आयोग तथा मन्त्रालयबाट सञ्चालित क्षमता विकास कार्यक्रम, समीक्षा कार्यक्रम तथा अनुगमनको क्रममा प्राप्त पृष्णपोषणको आधारमा मन्त्रालयबाट स्थानीय तहमा मार्गदर्शन भएमा उक्त मार्गदर्शन समेतलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउनु पर्दछ।

(८) यस दफा बमोजिम पोषण सहजकर्ता परिचालन गर्दा हाल कार्यरत पोषण सहजकर्ताको अनुसूची १५ बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरी सन्तोषजनक कार्यसम्पादन गर्ने पोषण सहजकर्तालाई निरन्तरता दिनुपर्नेछ।

२०. पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधाः (१) सशर्त अनुदानबाट प्राप्त हुने पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधा प्रचलित कानून बमोजिम स्थानीय तहको कम्तिमा सहायक चौथो तहको कर्मचारी सरह हुनेछ।

(२) सशर्त अनुदानबाट सम्बन्धित शिर्षकमा प्राप्त हुने रकममा नपुग हुने पारिश्रमिक सम्बन्धित स्थानीय तहबाट थप गरी उपलब्ध गराउनुपर्नेछ।

(३) पारिश्रमिकका अतिरिक्त नियमानुसार सामाजिक सुरक्षा कोषमा आवद्धता एवम् महङ्गी भत्ता भुक्तानी सम्बन्धमा स्थानीय तहमा कार्यरत अन्य समान तह र प्रकृतिका कर्मचारीको सेवा सुविधा सरह स्थानीय तहले उपलब्ध गराउनुपर्नेछ।

(४) पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधा स्थानीय तहले अन्य श्रोतबाट व्यवस्थापन गरेको हकमा उक्त शिर्षकमा उपलब्ध रकम कार्यक्रममा खर्च गर्न बाधा पर्नेछैन।

२१. गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालयः सचिवालय व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम हुनेछः

(१) स्थानीय तहले योजनाले तोकेका विषयगत क्षेत्रमध्येबाट उपयुक्त विभाग/ महाशाखा/शाखा/इकाइलाई निर्देशक समितिको सचिवालय तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको विभाग/ महाशाखा/शाखा/इकाइले बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित क्रियाकलापको सम्पर्क विन्दुको रुपमा देहाय बमोजिम कार्य गर्नुपर्नेछ।

क. स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा सचिवालयको व्यवस्थापन गर्ने,

ख. कार्यक्रमको योजना तर्जुमा, बजेट व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्ने,

ग. कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शाखा र पोषणको क्षेत्रमा काम गर्ने संघ-संस्थासँग समन्वय गर्ने,

घ. कार्यक्रमको कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने,

ङ. गाउँपालिका/नगरपालिकाले तोके बमोजिमका पोषणसँग सम्बन्धित अन्य कार्यहरू गर्ने।

२२. अनुगमन र प्रतिवेदनः बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन सम्बन्धमा देहायबमोजिम गर्नुपर्नेछः

(१) कार्यक्रम कार्यान्वयनको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा अन्य प्रचलित कानून बमोजिम कार्यालय एवं निर्देशक समितिबाट हुनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायबाट कार्यक्रमको छुट्टाछुट्टै वा संयुक्त अनुगमन हुनेछ। यस कार्यक्रमका विकास साझेदार निकायको सहभागितामा आवश्यकतानुसार संयुक्त अनुगमन समेत गर्न सकिनेछ।

(३) बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले कार्यक्रम कार्यान्वयनको प्रतिवेदन मन्त्रालयको विद्युतीय सूचना प्रणालीमा मासिक रुपमा गर्नुपर्नेछ।

(४) कार्यक्रमको कार्यान्वयन अवस्थाको सम्बन्धमा हरेक त्रैमास समाप्त भएपछि नियमित समीक्षा गरी सोको प्रतिवेदन मन्त्रालयको साथै जिल्ला समन्वय समिति र नीति/योजना आयोगलाई समेत उपलब्ध गराउनुपर्नेछ।

(५) कार्यक्रम अन्तर्गत बजेट प्राप्त गर्ने प्रदेश तथा जिल्ला समन्वय समितिबाट सञ्चालित कार्यक्रमको नियमित प्रतिवेदन मन्त्रालयमा गर्नुपर्नेछ।

## परिच्छेद ५

## विविध

२३. मन्त्रालयको जिम्मेवारीः मन्त्रालयको जिम्मेवारी देहायबमोजिम हुनेछ।

(१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय, सहजीकरण, क्षमता विकास, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने,

(२) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा विषयगत मन्त्रालय, विकास साझेदार र अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने,

(३) कार्यक्रमको प्राविधिक सहायता परिचालनका लागि साझेदार संस्थासँग सम्पर्क र समन्वय गर्ने।

२४. प्रदेश नीति तथा योजना आयोगको जिम्मेवारी तथा भूमिकाः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनमा नीति/योजना आयोगको जिम्मेवारी तथा भूमिका देहायबमोजिम हुनेछः

(१) प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालयको व्यवस्थापन गर्ने,

(२) बहुक्षेत्रीय पोषण योजना तेस्रोले तोके बमोजिमको लक्ष्य हासिल गर्न सम्बद्ध प्रादेशिक निकायसँग समन्वय गर्दै पोषणको विषयलाई प्रदेशको नीति, योजना, बजेट तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने,

(३) स्थानीय तहमा पोषणको मूलप्रवाहीकरणको लागि गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीको क्षमता विकास तथा कार्यक्रम कार्यान्वयनको सहजीकरण गर्ने,

(४) स्थानीय तहमा पोषणमैत्री स्थानीय शासनको अवलम्बन तथा कार्यान्वयनको लागि सूचकमा आधारित भई अनुगमन र क्षमता विकास गर्ने,

(५) सम्बद्ध प्रादेशिक निकाय, जिल्ला समन्वय समिति तथा आवश्यकतानुसार स्थानीय तहको समेत प्रतिनिधित्व हुनेगरी मन्त्रालयको उपस्थितिमा प्रदेशस्तरीय वार्षिक प्रगति समीक्षा गर्ने।

२५. जिल्ला समन्वय समितिको जिम्मेवारी तथा भूमिकाः यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनमा जिल्ला समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः

(१) कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिका/नगरपालिकासँगको समन्वय/सहजीकरणमा पोषणमैत्री स्थानीय शासनका सूचकमा आधारित भई अनुगमन गर्ने,

(२) अनुगमनबाट देखिएका विषय उपर आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्ने,

(३) कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार, जिल्ला स्थित पोषणसँग सम्बन्धित सरकारी निकाय र स्थानीय तह बिच समन्वय गर्ने,

(४) यस कार्यक्रम अन्तर्गत जिल्ला स्तरीय समीक्षाको लागि बजेट प्राप्त गरेका जिल्ला समन्वय समितिहरूले जिल्ला स्थित पोषणसँग सम्बन्धित सरकारी निकाय, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी एवम् पोषण सहजकर्ता र आवश्यकतानुसार पोषणको क्षेत्रमा सक्रिय गैरसरकारी निकायहरू एवम सामाजिक संघसंस्थाको समेत सहभागिता हुनेगरी वार्षिक समीक्षा गर्ने,

(५) समीक्षा कार्यक्रम गर्नुपूर्व सोको जानकारी मन्त्रालय र नीति/योजना आयोगलाई दिनुपर्नेछ।

२६. प्राविधिक सहायता लिन सकिनेः स्थानीय तहले कार्यक्रम कार्यान्वयनको लागि पोषणको क्षेत्रमा स्थानीय स्तरमा सक्रिय संघ-संस्थासँग आवश्यक प्राविधिक सहायता लिन सक्नेछन्।

२७. प्रचलित कानूनको पालनाः यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

२८. पोषणसँग सम्बन्धित कार्यक्रमको मार्गदर्शनको रुपमा रहनेः बहुक्षेत्रीय पोषण कार्यक्रम बाहेक स्थानीय तहमा सञ्चालन हुने पोषणसँग सम्बन्धित कार्य गर्दा अन्यन्त्र व्यवस्था भएको बाहेक यस कार्यविधिलाई आधार मान्नु पर्नेछ। यस कार्यक्रमको संरचना र कार्यशर्त परिवर्तन नभएसम्म आगामी आर्थिक वर्षहरुमा समेत यसै कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२९. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

३०. खारेजी र बचाउः बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए/गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए/गरेको मानिनेछ।

अनुसूची १

कार्यविधिको दफा ६ सँग सम्बन्धित

## एकीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजना

आ.व.:

(१) स्थानीय तहः प्रदेशः

(२) आ.व. २०८.../..... को पोषणसँग सम्बन्धित कार्यक्रमको बजेट

| क्र.सं. | विवरण | संकेत/कोड | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १. | गाउँ/नगरपालिकाको कुल बजेट (वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाबाट राख्ने) | | |
| २. | बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि विनियोजित बजेट | | |
| | नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | (क) | |
| | प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | (ख) | |
| | गाउँ/नगरपालिकाबाट विनियोजित (समानीकरण अनुदान तथा आन्तरीक स्रोतबाट भएको विनियोजन) | (ग) | |
| | अन्य स्रोतबाट (गै.स.स./अ.गै.स.स.) | (घ) | |
| | जम्मा | (क+ख+ग+घ) | |

(३) कार्यविधिको दफा ९ बमोजिम छनौट भएका बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका क्रीयाकलापहरुः

| क्र.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | संख्या | कुल विनियोजित बजेट | विनियोजित बजेट (रू. हजारमा) (श्रोत अनुसार) | | | | वडा र बस्ती | *लाभान्वित समूह (जस्तैः दलित जनजाति, लोपोन्मुख वर्ग समेत खुलाइ उल्लेख गर्ने) | अनुमानित लाभान्वित घरधुरी सङ्ख्या | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | अन्य (गै.स.स. आदि) | | | | |
| १ | स्वास्थ्य | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| २ | शिक्षा | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ३ | महिला तथा बालबालिका | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ४ | खानेपानी तथा सरसफाई | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ५ | कृषि | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ६ | पशुपन्छी | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ७ | शासकीय प्रवन्ध | १. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

(४) पोषणसम्बन्धी अन्य कार्यक्रम

(बुँदा नं. ३ मा समावेश भएका क्रियाकलाप बाहेक सुनौला हजार दिनका महिला तथा ५ वर्ष मुनिका बालबालिका, किशोरीहरूको पोषण सुधारका लागि कार्यान्वयन गर्ने विभिन्न नियमित कार्यक्रम (जस्तै विद्यालय दिवा खाजा कार्यक्रम, बाल पोषण अनुदान, वृद्धि अनुगमन तथा प्रबर्द्धन कार्यक्रम, भिटामिन ए कार्यक्रमको विवरण)

| क.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | क्रियाकलापको संख्या | बजेट श्रोत (नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह खुलाउने) | लाभान्वित वर्ग (५ वर्ष मुनिका बालबालिका, किशोरीको संख्या खुलाउने) | अनुमानित लाभान्वित सख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(५) गैर सरकारी संस्थाबाट परिचालन हुने पोषणसम्बन्धी कार्यक्रम

| क.सं. | विकास साझेदार | कार्यक्रमको नाम | मुख्य क्रियाकलाप | कार्यान्वयन हुने वडा | चालु आ.व. को बजेट | अनुमानित लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(६) अनुगमन योजना

| अनुगमन गर्ने निकाय /संयन्त्र | अनुगमन गर्ने क्षेत्र र उद्देश्य | अनुगमनको समयावधि (दिन /पटक) | अनुगमन विधि |
|---|---|---|---|
| जिससबाट हुने अनुगमन | | | |
| निर्देशक समितिबाट हुने अनुगमन | | | |
| प्रमुख प्रशासकिय अधिकृत बाट हुने अनुगमन | | | |
| विषयगत शाखा वा सम्पर्क शाखाबाट हुने नियमित अनुगमन | | | |
| लाभान्वित समूहबाट गठन भएको अनुगमन समितिले गर्ने अनुगमन | | | |

(७) प्रतिवेदन कार्ययोजना

| प्रतिवेदनको प्रकार | समायावधि | तयार गर्ने | पेश गर्नुपर्ने निकाय | कैफियत |
|---|---|---|---|---|
| मासिक प्रतिवेदन | महिना समाप्त भएको १ हप्ता भित्र | सहजकर्ता | शाखा प्रमुख समक्ष | |
| त्रैमासिक प्रतिवेदन | त्रैमास समाप्त भएको १५ दिन भित्र | सहजकर्ता र सम्पर्क विन्दु तोकिएका शाखाको प्रमुख | प्रमुख प्रशासकीय अधिकृत समक्ष | |
| वार्षिक प्रतिवेदन | आ.व.समाप्त भएको ३० दिन भित्र | सहजकर्ता, सम्बन्धित शाखा प्रमुख, सम्पर्क विन्दु तोकिएका शाखाको प्रमुख | प्रमुख /अध्यक्ष, प्र.प्र.अ. समक्ष | स्वीकृत प्रतिवेदन जिसस, प्रदेश र मन्त्रालयमा समेत पठाउने |
| खर्चको विवरण | आवधिक रुपमा माग भए अनुसार | आर्थिक प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. समक्ष | वार्षिक प्रतिवेदन मन्त्रालय पठाउनु पर्ने |
| अनुगमन प्रतिवेदन | अनुगमन भएको ७ दिन भित्र | अनुगमनकर्ता /समिति | कार्यालयमा पेश गर्ने | |
| अनलाईन प्रतिवेदनहरु (WBRS) | नियमित रुपमा क्रियाकलाप सम्पन्न भएको १ हप्ता भित्र | सहजकर्ताले सम्पर्क शाखा प्रमुखसँगको समन्वयमा तयार गर्ने | प्र.प्र.अ. समक्ष | |

- प्रतिवेदन तयार गर्दा कार्यक्रम कार्यान्वयन भएको वडा /वस्तीको नाम, विनियोजित बजेट र खर्च भएको रकम, लाभान्वितको संख्या, कार्यान्वयन अवधि र मुख्य उपलब्धी समेत स्पष्ट खुलाई क्रियाकलापगत प्रतिवेदन गर्नुपर्नेछ।
- अनुगमन प्रतिवेदन गर्दा अनुगमनको उद्देश्य, अनुगमन गरिएको स्थान, क्रियाकलापको साथै अनुगमनको क्रममा देखिएका विषय तथा सुझाव स्पष्ट उल्लेख गर्ने।

अनुसूची २

दफा १० (१) सँग सम्बन्धित पोषणसँग सम्बन्धित

सामाजिक व्यवहार परिवर्तन र सोको सञ्चारसँग सम्बन्धित क्रियाकलाप

| विषयगत क्षेत्र | सामाजिक व्यवहार परिवर्तनका क्रियाकलाप |
|---|---|
| महिला तथा बालबालिका | १. महिनावारी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना अभियान<br>२. बालबिवाह न्यूनीकरण तथा अन्त्यका लागि सामाजिक अभियानमूलक कार्यक्रम<br>३. सासु बुहारी तथा श्रीमान् श्रीमाती अन्तरक्रिया कार्यक्रम<br>४. सुनौला हजार दिनमा महिलाहरू व्यक्तिगत तथा सामुहिक भेटघाट तथा परामर्श अभियान<br>५. बाल अनुदान प्रभावकारी उपयोगका सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अनुशिक्षण कार्यक्रम<br>६. सन्तुलित आहारको महत्व, खाना तयार गर्ने र भण्डारण गर्ने तरिका, खाद्य स्वच्छता सम्बन्धि नमुना अभ्यासहरू |
| खानेपानी तथा सरसफाइ | १. जोखिमपूर्ण समयमा हात धुने अभियान तथा व्यक्तिगत सरसफाई तथा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम<br>२. सुरक्षित पानी संकलन, भण्डारण र पानी शुद्धिकरण तथा उपचार अभ्यास सम्बन्धी अभ्यास<br>३. सार्वजनिक तथा निजी शौचालयको प्रयोग, सरसफाई तथा व्यवस्थापन अभियान |
| शिक्षा | १. विद्यालयमा पोषण सप्ताह मनाउने अभियान<br>२. आइरन तथा फोलिक एसिड चक्कीको महत्व सम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रम<br>३. विद्यालय स्तरिय पोषण सचेतना कार्यक्रम, (विषेश कक्षा सञ्चालन, शिक्षक अभिमुखिकरण, शिक्षक अभिभावक छलफल)<br>४. पोषण प्रबर्दन तथा कम स्वस्थकर खाना निरुन्साहनको लागि विद्यालयस्तरमा प्रतियोगितात्मक कार्यक्रम तथा सडक नाटक |
| कृषि तथा पशुपन्छी | १. स्थानीय उत्पादन तथा उपभोग प्रवर्द्धनको लागि पोषण मेला<br>२. खाद्य स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यक्रम<br>३. पोषिलो जाउलो वनाउने विधिको प्रदर्शनी |
| आधारभूत स्वास्थ्य | १. स्तनपान प्रवर्द्धन सम्बन्धी कार्यक्रम<br>२. बाल्यकालीन स्याहार तथा खानपान सम्बन्धी व्यवहार परिवर्तनका कार्यक्रम<br>३. स्तनपान प्रवर्द्धन गर्ने क्रियाकलाप<br>४. पुरक आहार सम्बन्धी क्रियाकलाप<br>५. वृद्धि अनुगमन प्रवर्द्धन गर्ने क्रियाकलाप<br>६. स्वास्थ्य तथा पोषण मेला<br>७. स्वस्थ बच्चा प्रतिष्पर्धा कार्यक्रम |
| शासकीय प्रबन्ध | १. पोषण सचेतना सम्बन्धी रेडियो/टिभिजिङ्गल/संवाद उत्पादन तथा प्रशारण<br>२. सडक नाटक, कथा वाचन तथा पोषण सम्बन्धी सास्कृतिक कार्यक्रम<br>३. पोषण परामर्श कार्यक्रम<br>४. सामाजिक सञ्जाल मार्फत पोषण सुधार अभियान<br>५. विद्यालय, वडा तथा स्वास्थ्य संस्थाहरूमा पोषण सूचना कर्नर<br>६. सामाजिक अगुवा मार्फत पोषण सुधारको लागि सचेतना अभियान<br>७. पोष्टर पम्लेट, वाल पेन्टिङ्ग<br>८. पोषण सप्ताह, स्तनपान सप्ताह, आयोडिन महिना जस्ता दिवसिय कार्यक्रम |

अनुसूची ३

कार्यविधिको दफा १० (३) (ख) सँग सम्बन्धित

पोषणमैत्री नमूना गाउँ कार्यक्रमको लागि बस्ती/टोल/गाउँ छनौटको प्राथमिकिकरणका आधार

| क.सं.. | मापदण्ड | अवस्था | | अंकभार |
|---|---|---|---|---|
| १ | अति शीघ्र कडा कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कडा कुपोषण (Moderate Acute Malnutrition: MAM) भएका बालबालिकाको संख्या सबैभन्दा बढी रहेको | शीघ्र कुपोषित बालबालिकाको संख्या | राष्ट्रिय औषत (भन्दा बढी भएमा | २० |
| | | | राष्ट्रिय औषत भन्दा कम भएमा | १० |
| | | | शुन्य भएमा | ० |
| २ | लाभान्वित समूह भित्र सुनौला हजार दिनका महिलाको संख्या | सुनौला हजार दिनका महिलाको प्रतिशत | १० प्रतिशत भन्दा बढी भएमा | २० |
| | | | १० प्रतिशत भन्दा कम भएमा नभएमा, | ५ |
| | | | शुन्य भएमा | ० |
| ३ | लाभान्वित समूह भित्र विपन्न समूदायका घरधुरीको प्रतिशत | विपन्न घरधुरीको प्रतिशत | शतप्रतिशत | २० |
| | | | ८० देखि ९९ प्रतिशत | १० |
| | | | ८० प्रतिशत भन्दा कम | ० |
| ४ | सामाजिक रूपमा पछाडि परेको वर्ग। समूदायको बाहुल्यता | सामाजिक रूपमा पछाडि परेका वर्ग समूदाय | ५० प्रतिशत वा सो भन्दा बढी | २० |
| | | | ५० प्रतिशत भन्दा कम | १० |
| | | | ० प्रतिशत भएमा, | ० |
| ५ | लाभान्वित समूहको पोषणसेवा सँगको पहुँच (भौगोलिक विकटता) | लाभग्राहीको घरदेखि स्वास्थ्य संस्था सम्मको दुरी | ३० मिनेट भन्दा बढी भएमा | २० |
| | | | १५ मिनेट देखि ३० मिनेट | १० |
| | | | १५ मिनेट भन्दा कम | ० |
| ६ | खाद्य संकट तथा जोखिम बढी भएको | आफ्नो नियमित आम्दानीबाट ६ महिना भन्दा कम अवधि मात्र खान पुग्ने परिवारको प्रतिशत | ५० प्रतिशत वा सो भन्दा बढी | २० |
| | | | ५० प्रतिशत भन्दा कम | १० |
| | | | ० प्रतिशत भएमा | ० |
| | जम्मा | | | |

नोटः

१. सूचक नं. १, २ र ३: एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) को फारम नं. ९.१ (महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकको रजिष्टर) बाट शीघ्र कुपोषित बालबालिकाको संख्या (भिटामिन ए/जुकाको औषधी पाएका ५ वर्ष

भन्दा कम उमेरका बालबालिकाको संख्याको आधारमा सुनौला हजार दिनका आमाको संख्या र २३ महिना भित्र पूर्ण खोप प्राप्त गरेका बालबालिकाको संख्या) बाट लिन सकिने,

२. सूचक नं. ४: लाभान्वित समूह भित्र विपन्न समुदायका घरधुरीको प्रतिशत गाउँ/नगरपालिकाले पहिचान गरेका विपन्न घरधुरीको विवरण भएमा सोही विवरणलाई आधार मान्ने,

३. सूचक नं. ६ : गाउँ/नगरपालिकासँग विवरण भएमा सोही आधारमा गर्ने, उक्त विवरण उपलब्ध नभएमा घरधुरी सर्भेक्षण वा लाभभग्राहीले गरेको स्वघोषणालाई आधार मान्न सकिने।

४. सामाजिक रूपमा पछाडि परेका समुदाय भन्नाले नेपाल सरकारले दलित तथा पिछडिएका वर्गको रूपमा समावेश गरेका समूदायको संख्याको आधारमा गणना गर्ने,

अनुसूची ४

कार्यविधिको दफा १० (३) (घ) सँग सम्बन्धित

बस्ती/टोल/गाउँको पोषण सुधारको कार्ययोजना

क. परिचयः

- परिचयः टोल बस्तीको संक्षिप्त जानकारीः (अवस्थिति, घरधुरीको संख्या, बसोबास गर्ने जातजातिको विवरण लेख्ने)
- टोल बस्तीको अवस्था
    १. टोल बस्तिमा पोषणको हालको अवस्थाः
    २. अति शीघ्र कडा कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कडा कुपोषण (Moderate Acute Malnutrition: MAM) भएका बालबालिका सम्बन्धी जानकारी (विगतमा वा हालमा त्यस्तो कुपोषण रहे/नरहेको विषय उल्लेख गर्ने)
    ३. सुनौला हजार दिनका घरपरिवार सम्बन्धी जानकारी (कति घरमा सुनौला हजार दिनका सदस्य रहेका छन् सो विवरण लेख्ने)
    ४. समूदायका सदस्यको आर्थिक अवस्थाः (आफ्नो उत्पादन तथा नियमित आम्दानीबाट खान पुग्ने अवधिको आधारमा वर्गिकरण गरी संख्यात्मक विवरण उल्लेख गर्ने)
    ५. खाद्य सङ्कट तथा जोखिमको अवस्थाः (टोल बस्तीमा खाद्यान्न उपलब्धता र जोखिमको अवस्था खुलाउने)

- बस्तीमा रहेका मुख्य समस्याः

ख. पोषणमैत्री नमूना गाउँ कार्यक्रम अन्तर्गत प्रस्तावित कार्यक्रम

- प्रस्तावित कार्यक्रमको नामः (जस्तै नमूना करेसावारी निर्माण कार्यक्रम, वालविवाहमुक्त गाउँ निर्माण कार्यक्रम
- कार्यक्रम अन्तर्गत प्रस्तावित मुख्य क्रियाकलापः

| क.सं. | मुख्य क्रियाकलाप | लाभान्वित हुने संख्या | कैफियत |
|---|---|---|---|
| १ | | | |
| .. | | | |

- लागत साझेदारीः (समूदायले गर्ने साझेदारीको विवरण उल्लेख गर्ने)
-

ग. पोषण सुधारको कार्ययोजना

| क.सं. | मुख्य क्रियाकलाप | समयावधि | स्थान |
|---|---|---|---|
| १ | | | |
| .. | | | |

घ. उपलब्धी (कार्यक्रम सञ्चालन पछिको अपेक्षित उपलब्ध उल्लेख गर्ने)

| क.सं. | सूचक | हालको अवस्था | २ वर्ष पछिको अपेक्षित अवस्था |
|---|---|---|---|
| १ | | | |
| .... | | | |

अनुसूची ५

कार्यविधिको दफा १० (४) (ग) सँग सम्बन्धित

योजनाले तोकेका पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रम

| विषयगत क्षेत्र | कार्यक्रमकहरू |
|---|---|
| आधारभूत स्वास्थ्य | १. मातृ, शिशु तथा बाल्यकालीन पोषण तथा खानपानको अभ्यास सुदृढ गर्ने।<br>२. शिशु जन्मेको १ घण्टाभित्र स्तनपान, ६ महिना उमेरसम्म पूर्ण स्तनपान र २ वर्षसम्म विस्तारित स्तनपानको (Extended Breastfeeding) बारेमा परामर्श सेवा सुदृढ गर्ने।<br>३. उमेरअनुसारको उपयुक्त पूरक खाना खुवाउने अभ्यासको प्रवर्द्धन गर्ने।<br>४. सुक्ष्म पौष्टिक तत्त्वको कमीलाई न्यूनीकरण गर्न पौष्टिक तत्त्व स्तरोन्नति गरिएको खाद्य पदार्थ (फर्टिफाइड फुड) को प्रवर्द्धन गर्ने।<br>५. बालबालिका, किशोर-किशोरी, गर्भवती र सुत्केरी महिला लक्षित सूक्ष्म पोषक तत्त्व सप्लिमेन्टेसनको कार्यक्रमलाई सुदृढ गर्ने।<br>६. आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ सम्बन्धी सचेतना अभिवृद्धि गर्ने,<br>७. गुणस्तरीय सुरक्षित मातृत्व सेवा (गर्भ हेरचाह, संस्थागत सुत्केरी, सुत्केरीपछिको हेरचाह, नवजात शिशुको हेरचाह) गर्ने<br>८. बालबालिका, किशोर-किशोरी, महिला, वृद्ध-वृद्धा र विशेष आवश्यकता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्न गुणस्तरीय पोषण सेवा विस्तार गर्ने।<br>९. पोषणसम्बन्धी स्वस्थ बानी व्यवहारको प्रवर्द्धन र शारीरिक व्यायाम समेत समावेश गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको सुदृढीकरण गर्ने।<br>१०.समुदाय स्तरमा ०-५९ महिनाका बालबालिकाको पोषण अवस्था लेखाजोखा, द्रुत स्क्रिनिङ र परामर्श सेवालगायतका कार्यक्रम सुदृढ गर्ने।<br>११.झाडापखाला र स्वासप्रश्वास सम्बन्धी संक्रमण रोकथामको लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने<br>१२.वृद्धि अनुगमन र प्रवर्द्धन कार्यक्रमलाई सुदृढ गर्ने।<br>१३.पोषणमैत्री स्वास्थ्य संस्थाको सूचक प्राप्तिको लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने। |
| कृषि तथा पशुपन्छी विकास | १. स्थानीय स्तरमा उपलब्ध हुने पोषणयुक्त खानाको प्रवर्द्धन गर्ने।<br>२. उत्पादन, भण्डारण तथा उपभोगका विभिन्न चरणमा हुने खाद्यवस्तु ह्रासलाई कम गर्न कार्यक्रम सञ्चालन गर्ने,<br>३. घरायसी स्तरमा खाद्यान्न, फलफूल, तरकारी, मत्स्य तथा पशुपन्छीसहितको एकीकृत खाद्य उत्पादन प्रणाली (करेशाबारी) प्रवर्द्धन गर्ने।<br>४. स्थानीय खाद्यवस्तु उत्पादनलाई प्रवर्द्धन गरी विद्यालय दिवा खाजा कार्यक्रमसँग आवद्ध गर्ने।<br>५. कृषि तथा पशुपालन क्षेत्रमा लक्षित वर्गको क्षमता अभिवृद्धि गर्ने।<br>६. प्राङ्गारिक खेती र रैथानीबाली प्रबर्द्धन गर्ने<br>७. पोषणमैत्री स्थानीय शासनका कृषि तथा पशुपन्छी विकास क्षेत्रसँग सम्बन्धित सूचक प्राप्तिको लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने। |
| खानेपानी, सरसफाई | १. घरपरिवार तथा संस्था (विद्यालय, स्वास्थ्य संस्था आदि) मा व्यवस्थितरूपमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता सुनिश्चित गर्ने,<br>२. सार्वजनिक निकाय तथा सङ्घसंस्थामा हात धुने स्थानको (Handwashing Station) सङ्ख्या बढाउने। |

| विषयगत क्षेत्र | कार्यक्रमकहरू |
|---|---|
| | ३. संवेदनशील समयमा हात धुने अभ्यासको प्रवर्द्धन गर्ने।<br>४. महिनावारी स्वच्छतासम्बन्धी अभ्यासको प्रवर्द्धन गर्ने।<br>५. पोषणमैत्री स्थानीय शासनका खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित सूचक प्राप्तिको लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने। |
